# खाद्य ऐन, २०२३

लालमोहर र प्रकाशन मिति

२०२३।५।२४

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. खाद्य (पहिलो संशोधन) ऐन, २०३० | २०३०।१२।११ |
| २. न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ३. खाद्य (दोस्रो संशोधन) ऐन, २०४८ | २०४८।२।२१ |
| ४. खाद्य (तेस्रो संशोधन) ऐन, २०४९ | २०४९।७।६ |

प्रमाणीकरण र प्रकाशन मिति

| | |
|---|---|
| ५. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६[◎] | २०६६।१०।७ |
| ६. केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७२ | २०७२।११।१३ |

२०२३ सालको ऐन नं. ८

[✂]............

## खाद्य पदार्थमा विशुद्धता कायम राख्न बनेको ऐन

**प्रस्तावना** : सर्वसाधारण जनताको स्वास्थ तथा सुविधा कायम राख्न खाद्य पदार्थमा कुनै अवान्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वाभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न र खाद्य पदार्थको उचितस्तर बनाई राख्नको निमित्त कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पन्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइवक्सेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम “खाद्य ऐन, २०२३” रहेको छ ।

---

◎ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रमा तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।✠

📖२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "खाद्य पदार्थ" भन्नाले साधारणतः मानिसले खाने पिउने, अप्रशोधित, अर्ध प्रशोधित, प्रशोधित वा उत्पादित खाद्य वा पेय पदार्थ सम्झनु पर्छ र सो शब्दले खाने पिउने पदार्थमा प्रयोग गरिने मरमसला, खाद्य योगशील (फूड एडिटिभ) रंग वा सुगन्ध समेतलाई जनाउँछ ।

(ख) "दूषित खाद्य पदार्थ" भन्नाले देहायको कुनै अवस्थाको खाद्य पदार्थ सम्झनु पर्छ :-

(१) स्वास्थ्यलाई हानि हुने गरी सडेको गलेको वा फोहर मैला वा विषाक्त अवस्थामा राखिएको वा तयार गरिएको खाद्य पदार्थ,

(२) मानिसको उपभोगको लागि अनुपयुक्त हुने गरी केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशु पंक्षी वा हानिकारक वनस्पतिबाट बनेको खाद्य पदार्थ,

(३) कुनै खाद्य योगशील (फूड एडिटिभ), रंग परिरक्षी (प्रीजर्वेटिभ), अर्न्तविकसित वा बहिर्मिश्रित रसायन वा कीटानासक औषधिको लागि तोकिएको अधिकतम सीमा भन्दा बढी हुन गई स्वास्थ्यलाई हानि हुन सक्ने खाद्य पदार्थ ।

(ग) "न्यूनस्तरको खाद्य पदार्थ" भन्नाले देहायको कुनै अवस्थाको खाद्य पदार्थ सम्झनु पर्छ :-

(१) कुनै खाद्य पदार्थको स्वाभाविक गुण भन्दा कमसल हुने गरी प्रमुख अंगको परिमाण घटाइएको वा अर्को कुनै पदार्थ मिश्रण गरिएको खाद्य पदार्थ,

तर दुई वा दुई भन्दा बढी वस्तु मिश्रीत खाद्य पदार्थहरुमा त्यस्तो मिश्रीत खाद्य पदार्थहरुको नाम र परिमाण स्पष्ट उल्लेख छ र स्वास्थ्यलाई हानि गर्दैन भने त्यस्तो खाद्य पदार्थलाई न्यूनस्तरको खाद्य पदार्थ मानिने छैन ।

(२) दफा ७ बमोजिम निर्धारण गरिएको गुणस्तर वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको न्यूनतम आवश्यक गुणस्तर भन्दा घटेको वा अधिकतम गुणस्तर तोकिएकोमा सो भन्दा बढेको खाद्य पदार्थ ।

---

✠ ऐन लागू भएका मिति र स्थान द्रष्टव्यमा उल्लेख गरिएको छ ।

📖 तेस्रो संशोधनद्वारा संशोधित ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

📖३. **दूषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा विक्री वितरण गर्न मनाही** : कुनै व्यक्तिले दुषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन, विक्री वितरण, निकासी वा पैठारी गर्न वा सो मध्ये कुनै कामका लागि त्यस्तो खाद्य पदार्थ राख्न हुँदैन ।

४. **ढाँटी झुक्याई खाद्य पदार्थ विक्री गर्न नहुने** : कसैले कुनै खाद्य पदार्थलाई अर्को कुनै खाद्य पदार्थ हो भनी वा कुनै निम्नस्तरको खाद्य पदार्थलाई माथिल्लो स्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई बिक्री वा वितरण गर्न हुँदैन ।

■४क. **खाद्य पदार्थ रोक्न राख्न सकिने** : (१) कुनै खाद्य पदार्थ 📖दूषित वा न्यूनस्तरको हो भन्ने शंका लागेमा तोकिएको अधिकारीले त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी सो खाद्य पदार्थका धनीलाई नै जिम्मा लगाई त्यसको भर्पाई लिई रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का रहेको खाद्य पदार्थ 📖दुषित वा न्यूनस्तको हो भन्ने कुराको निर्णय अन्तिम रुपमा भईसकेपछि दोषको मात्रा, दोषको प्रकृति र त्यसबाट हुनसक्ने हानीको विचार गरी तोकिएको अधिकारीको आदेशले सो खाद्य पदार्थ नेपाल सरकार लाग्न सक्नेछ ।

■४ख. **अनुज्ञापत्र लिनु पर्ने** : (१) तोकिएको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, संचय वा प्रशोधन गर्न चाहने व्यक्तिले तोकिए बमोजिम अनुज्ञापत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सिलबन्दी भएका खाद्य पदार्थहरुको हकमा अनुज्ञापत्र प्राप्त उत्पादक वा थोक बिक्रेताबाट तोकिए बमोजिम जमानतपत्र प्राप्त खुद्रा विक्रेताले यस दफा बमोजिमको अनुज्ञापत्र लिनुपर्ने छैन ।

📖५. **दण्ड सजाय** : (१) न्यूनस्तरको खाद्य पदार्थ उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्ने व्यक्तिलाई पहिलो पटक रु.१,०००। देखि रु.२,०००।-सम्म जरिवाना र दोस्रो पटक देखि प्रत्येक पटक रु. २,०००।- देखि रु. ५,०००।- सम्म जरिवाना वा ६ महीनादेखि १ वर्ष सम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पसल नथापी घुमी दूध, दही तथा अन्य खाद्य पदार्थ बिक्री गर्ने व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लंघन गरेमा निजलाई पहिलो पटक रु. ५०। देखि रु. २००। सम्म जरिवाना, दोस्रो पटक रु. २००।- देखि रु. ५००।- सम्म जरिवाना वा ३ महीना सम्म कैद वा दुवै सजाय र तेस्रो पटकदेखि प्रत्येक पटक रु. ५००।- देखि रु १०००।- सम्म जरिवाना वा ३ महीनादेखि ६ महीना सम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

---

📖 तेस्रो संशोधनद्वारा संशोधित ।

■ पहिलो संशोधनद्वारा थप ।

(३) दुषित खाद्य पदार्थ उत्पादन, बिक्री, वितरण, निकासी वा पैठारी गर्ने व्यक्तिलाई रु. ५०००।- देखि रु. १०,०००।- सम्म जरिवाना वा ∇<u>सात महिनादेखि एक वर्षसम्म कैद</u> वा दुवै सजाय हुन सक्नेछ ।

(४) कुनै दूषित खाद्य पदार्थ खानाले कुनै व्यक्तिको मृत्यू हुने सम्भावना भएमा वा मृत्यू भएमा वा शरीरलाई अपूरणीय क्षती भएमा वा हुने सम्भावना भएमा त्यस्तो दुषित खाद्य पदार्थ उत्पादन वा बिक्री वितरण गर्ने व्यक्तिलाई रु. १०,०००।- देखि रु. २५,०००।- सम्म जरिवाना र ३ वर्षसम्म कैद हुन सक्नेछ र निजले सो दूषित खाद्य पदार्थबाट प्रभावित व्यक्ति वा निजको हकदारलाई रु. २५,०००।- देखि रु.१,००,०००।- सम्म क्षतिपूर्ति दिनु पर्नेछ ।

(५) उपदफा (१), (२) (३) र (४) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशको अन्य कुनै कुरा उल्लंघन गर्ने व्यक्तिलाई रु. १,०००।- सम्म जरिवाना हुन सक्नेछ ।

६. **<u>फर्म वा संगठीत संस्थाले गरेको अपराधको दायित्व</u>** : कुनै फर्म वा संगठीत संस्थाले यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेश उल्लंघन गरेमा फर्मको हकमा सो फर्मका हिस्सेदार र कुनै संगठित संस्था भए सो संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी दफा ५ को उपदफा (१) को प्रयोजनको लागि सजायको भागी हुनेछ ।

तर आफू हिस्सेदार वा त्यस्तो प्रशासकीय अधिकारी हुनुभन्दा अगावै गरेको काम कुराका हकमा वा सो उल्लंघन भएको कुरा थाहा पाउन नसक्ने स्थिति थियो भन्ने प्रमाणित गरेमा सो व्यक्ति त्यस्तो सजायको भागी हुनेछैन ।

७. **<u>खाद्य पदार्थको गुण, स्तर तोक्ने अधिकार</u>** : कुनै खाद्य पदार्थमा कुनै पदार्थको गुण, स्तर वा मात्रा कुन परिधिभित्रको हुनुपर्दछ भन्ने कुराका सम्बन्धमा नेपाल सरकारले समय समयमा आदेश दिन सक्नेछ । यस्तो प्रत्येक आदेश नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

८. **<u>खाद्य पदार्थको जाँच</u>** : कुनै खाद्य पदार्थ 🕮<u>दूषित वा न्यूनस्तरको</u> खाद्य पदार्थ हो वा होइन भन्ने कुराको परीक्षण तोकिएको अनुसन्धानशालामा गराइनेछ र त्यस सम्बन्धमा सो अनुसन्धानशालाको तोकिएको अधिकारी वा अधिकारीहरुबाट प्रतिवेदन लिइनेछ ।

९. **<u>खाद्य स्तर निर्धारण समिति</u>** : नेपाल सरकारले समय समयमा 🕮<u>खाद्य पदार्थको गुणस्तर निर्धारण गर्न</u> एउटा खाद्य स्तर निर्धारण समिति गठन गर्न सक्नेछ ।

१०. **<u>नेपाल सरकार वादी हुने</u>** : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी भै चलाइनेछ ।

∇११. **<u>मुद्दा हेर्ने अधिकारी</u>** : दफा ५को उपदफा (४) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई र अन्य कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

---

∇ केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७२ द्वारा संशोधित ।

🕮 तेस्रो संशोधनद्वारा संशोधित ।

▽१२. **पुनरावेदन** : दफा ११ बमोजिम भएको निर्णय उपर पैंतिस दिनभित्र पुनरावेदन दिन सकिनेछ र प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१३. **नियम बनाउन सक्ने** : (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमहरुमा खास गरेर देहायको व्यवस्था गर्न सकिनेछ :-

📖(क) खाद्य पदार्थ विश्लेषण वा अनुसन्धान गर्ने प्रयोगशाला र त्यसको कार्यविधि तथा सो प्रयोगशालाको विशेषज्ञ वा अधिकारीको योग्यता सम्बन्धमा ।

(ख) खाद्य निरीक्षकको व्यवस्था तथा निजको अधिकार र कर्तव्यका सम्बन्धमा,

(ग) खाद्य स्तर निर्धारण समितिको काम, कर्तव्य, अधिकार, दायित्व तथा अरु कार्यविधि सम्बन्धमा,

(घ) नेपाल ✂............ भित्र उत्पादन हुने कुनै खाद्य पदार्थका उत्पादन वा बिक्रेताले सो खाद्य पदार्थमा कुनै खास किसिमको लेबुल लगाउने सम्बन्धमा,

(ङ) खाद्य पदार्थमा रङ्ग, सुगन्ध, मरमसला वा अरु कुनै चीज समिश्रण गर्न पाउने हद तोक्ने सम्बन्धमा,

(च) खाद्य पदार्थको उचित स्तर कायम राख्न अपनाउनु पर्ने अन्य आवश्यक व्यवस्थाका सम्बन्धमा ।

नेपाल कानून आयोग

---

▽ केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७२ द्वारा संशोधित ।

📖 तेस्रो संशोधनद्वारा संशोधित ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

**द्रष्टव्य** :- (क) ऐन लागू भएको मिति र स्थान :-

१. खाद्य ऐन, २०२३ देहायका जिल्लाहरुमा मिति २०२९।९।१ देखि लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०२९।८।१९:- काठमाण्डौं जिल्लामा-कालीमाटी गाउँ विकास समिति, भिमसेनगोला गाउँ विकास समिति, महादेवस्थान गाउँ विकास समिति, पशुपति गाउँ विकास समिति, डल्लु गाउँ विकास समिति, भगवान स्थान गाउँ विसका समिति, चावहिल गाउँ विकास समिति, ललितपुर जिल्लामा- ललितपुर नगरपालिका, भक्तपुर जिल्लामा- भक्तपुर नगरपालिका ।

२. खाद्य ऐन, २०२३ देहायका नगरपालिका क्षेत्रहरुमा २०३०।६।१ देखि प्रारम्भ हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०३०।६।२९ :- भद्रपुर नगरपालिका, विराटनगर नगरपालिका, जनकपुर नगरपालिका र विरगंज नगरपालिका ।

३. खाद्य ऐन, २०२३ देहायका जिल्लाको सम्पूर्ण क्षेत्रमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति-२०३१।६।२८:- (१) काठमाण्डौ (२) ललितपुर (३) भक्तपुर (४) पर्सा (५) मकवानपुर (६) धनुषा (७) मोरङ्ग (८) सुनसरी र (९) झापा ।

४. खाद्य ऐन, २०२३ मिति २०३२।१।११ देखि रुपन्देही र बाँके जिल्लाका सम्पूर्ण क्षेत्रमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०३२।८।२२

५. खाद्य ऐन, २०२३ मिति २०३३।१२।१ देखि कास्की, स्याङ्गजा, पाल्पा र कपिलवस्तु जिल्लाका सम्पूर्ण क्षेत्रमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०३३।७।१६

६. खाद्य ऐन, २०२३ मिति २०३५।२।१ देखि इलाम, सप्तरी, बारा, रौहतट, चितवन र काभ्रेपलान्चोक जिल्लाका सम्पूर्ण क्षेत्रमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०३५।१।२५

७. खाद्य ऐन, २०२३ मिति २०३८।१०।१९ देखि सिरहा, महोत्तरी, सर्लाही, नवलपरासी, दाङ्ग, बर्दिया, कैलाली, कन्चनपुर, बैतडी र दार्चुला जिल्लाहरुमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०३९।४।११

८. खाद्य ऐन, २०२३ गोर्खा, धादिङ्ग, नुवाकोट, धनकुटा र सुर्खेत जिल्लामा सम्पूर्ण क्षेत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुने गरी तोकिएको । नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०४५।३।२०

९. खाद्य ऐन, २०२३ देहायका जिल्लाहरुको सम्पूर्ण क्षेत्रमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन मिति २०५७।३।२६

| | | | | |
|---|---|---|---|---|
| १. पाँचथर | २. ताप्लेजुङ | ३. तेन्हथुम | ४. संखुवासभा | ५. भोजपुर |
| ६. खोटाङ्ग | ७. उदयपुर | ८. सोलुखुम्बु | ९. ओखलढुङ्गा | १०. दोलखा |
| ११. रामेछाप | १२. सिन्धुली | १३. सिन्धुपाल्चोक | १४. रसुवा | १५. तनहुँ |
| १६. लम्जुङ्ग | १७. मनाङ्ग | १८. अर्घाखाँची | १९. गुल्मी | २०. पर्वत |
| २१. म्याग्दी | २२. बाग्लुङ्ग | २३. मुस्ताङ्ग | २४. प्युठान | २५. रोल्पा |
| २६. सल्यान | २७. रुकुम | २८. डोल्पा | २९. जाजरकोट | ३०. दैलेख |
| ३१. जुम्ला | ३२. मुगु | ३३. कालिकोट | ३४. हुम्ला | २५. बाजुरा |
| ३६. अछाम | ३७. डोटी | ३८. बझाङ्ग | ३९. डडेलधुरा | |

(ख) रूपान्तरण :- (१) खाद्य (तेस्रो संशोधन) ऐन, २०४९ द्वारा रूपान्तर गरिएका शब्दहरू:-
"खाद्य जाँचकी" भन्ने सट्टा "खाद्य निरीक्षक" ।
(२) गाउँ विकास समिति ऐन, २०४८ द्वारा रूपान्तर गरिएका शब्दहरू:-
"गाउँ सभा" वा "गाउँ पञ्चायत" भन्ने सट्टा "गाउँ विकास समिति" ।
(३) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर गरिएका शब्दहरू:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।
(४) गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा रूपान्तर गरिएका शब्दहरू:-
"नगर पञ्चायत" को सट्टा "नगरपालिका" ।